आर्थिक बर्ष : २०८१/८२

बैठक संख्या :३

आज मिति २०८१/०६/१४ गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थितिः</u>

श्री सूर्य बहादुर कुवँर अध्यक्ष

श्री भगवती शर्मा उपाध्यक्ष

श्री राजेन्द्र कुमार के.सी. सदस्य

श्री नोम बहादुर गुरुङ सदस्य.

श्री मनुकुमारी राना सदस्य

श्री मुक्त बहादुर गुरुङ सदस्य

श्री डन बहादुर थापा सदस्य

श्री कृष्णबहादुर क्षेत्री सदस्य

श्री मेखराज गुरुङ सदस्य

श्री नविन कुमार आले सदस्य

श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य

श्री र माया गुरुङ सदस्य

श्री दुर्गा देवी थापा सदस्य

श्री इन्दिरा पोखेल सदस्य

श्री पाल सिं विश्वकर्मा सदस्य

श्री कोपिला वि.क. सदस्य

श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत

श्री सन्तोष बि.क. कृषि अधिकृत

श्री विज्ञान के.सी. सव-ईन्जिनियर

श्री सन्तोस पौडेल कार्यालय सहयोगी

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति :२०८१/०६/१४

**प्रस्ताव नं. १**

मनसुनजन्य विपदबाट क्षती तथा अवरोध सडक खुलाउने क्रममा भएको खर्च रकम भुक्तानी सम्वन्धमा।

**निर्णय नं. १**

मिति २०८१ असारदेखी हालसम्म भएको अविरल वर्षाका कारण सिर्जित मनसुनजन्य विपदका कारण भएको सडक अवरोध हटाउन तपसिल सडकखण्डमा विभिन्न समयमा प्राविधिक सिफारिस र आवश्यकताका आधारमा प्रयोग भएका मेसिनको खर्च गाउँपालिका कार्यालयले विभिन्न सडक मर्मत तथा सरसफाई खर्च शिर्षकबाट भुक्तानी दिने तथा अन्य सडकहरुको हकमा सम्बन्धित वडा कार्यालयको सडक सरसफाई शिर्षकबाट भुक्तानी गर्ने व्यवस्था गर्ने गराउने सर्वसहमतिले निर्णय गरियो।

तपसिल :

| क.सं. | सडकको नाम |
|---|---|
| १ | धोवादी विरुवा सडक |
| २ | ज्याग्दी करीडोर(गोपाले देखी गैरी सम्म) |
| ३ | धोवादी खाली खाङराङ ज्यामिरे सडक |
| ४ | भन्ज्याङ्ग बाहुँ विरुवा सडक |
| ५ | विरुवा दह ५ नं. वडा कार्यालय सडक |
| ६ | ललाङ तर्ले कुसुमभन्ज्याङ्ग बसेनी सडक |
| ७ | बेलघारी मेथाभुरुङ्ग सपाउँदे तलाथोक सडक |
| ८ | गौखा तुल्सीचौर सडक |
| ९ | पाट्ने औसेलुस्वारा घोप्टे हरीनास सडक |
| १० | रहखोला मिलनचोक बगरीबोट सडक |
| ११ | लाटापिपल धरादी लेवा सडक |
| १२ | तल्लो बलेउ भालुखोला माथिल्लो बलेउ सडक |
| १३ | ललाङ स्यालडाँडा भासेपोखरी कुसुमभन्ज्याङ्ग सडक |

**प्रस्ताव नं. २**

चाडबाड लक्षित सडक सरसफाई सम्बन्धमा।

**निर्णय नं. २**

आउँदै गरेका नेपालीहरुका मुख्य चाडपर्वहरुलाई मध्यनजर गर्दै मनसुनजन्य विपदका कारण जिर्ण बनेका विरुवा गाउँपालिका क्षेत्रभित्र पर्ने तपसिल सडकहरु गाउँपालिका कार्यालयबाट सरसफाई गर्ने तथा अन्य सडकहरुको हकमा सम्बन्धित वडा कार्यालयको सडक सरसफाई शिर्षकबाट सरसफाई गरी आवतजावतलाई सहज गर्ने गराउने सर्वसहमतिले निर्णय गरियो।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

तपसिल :

| क्र.सं. | सडकको नाम |
|---|---|
| १ | धोवादी विरुवा सडक |
| २ | ज्यागदी करीडोर(गोपाले देखी गैरी सम्म) |
| ३ | धोवादी खाली खाङराङ ज्यामिरे सडक |
| ४ | भन्ज्याङ्ग बाहुँ विरुवा सडक |
| ५ | विरुवा दह ५ नं. वडा कार्यालय सडक |
| ६ | ललाङ तर्ले कुसुमभन्ज्याङ्ग बसेनी सडक |
| ७ | बेलघारी मेथाभुरुङ्ग सपाउँदे तलाथोक सडक |

**प्रस्ताव नं. ३.** आ.ब. २०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि विनियोजित वजेट कार्यान्वयनका लागि योजना छनौट सम्वन्धमा।

**निर्णय नं. ३**

आ.ब.२०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि विनियोजित वजेट कार्यान्वयनका लागि प्रत्येक वडामा गतबर्ष प्राथमिकताक्रमका आधारमा छनौट भई कार्यान्वयन हुन बाँकी तपसिल योजनाहरु चालु आ.व. का लागि छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जन जागृती आ.वि. देखि प्रहरी चौकी सम्म सिँढी बाटो | बिरुवा-१, | |
| २ | लाँकुरीडाँडा देखि आमा समूह भवन सम्म सिँढी बाटो निर्माण | बिरुवा-२, | |
| ३ | तल्लोघर आहालथर माझगाउँ गोरेटो बाटो | बिरुवा-३, | |
| ४ | जफती मुख्याडाँडा गोरेटो बाटो | बिरुवा-४, | |
| ५ | तल्लो चेप्टे मुलाबारी टोल पदमार्ग | बिरुवा-५, | |
| ६ | गैरी गोरेटो बाटो निर्माण | बिरुवा-६, | |
| ७ | सपाउँदे गोरेटो बाटो | बिरुवा-७, | |
| ८ | कुसुण्डे पदमार्ग | बिरुवा-८, | |

**प्रस्ताव नं .४** "कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धि कार्यविधी, २०८१" माथी छलफल तथा स्वीकृती सम्बन्धमा।

भोजराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विरुवा, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णय नं. ४**

विरुवा गाउँपालिकाको "कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धि कार्यविधी, २०८१" माथी छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो।

**प्रस्ताव नं .५** बाखा पकेट कार्यक्रम संचालन सम्बन्धमा।

**निर्णय नं. ५**

विरुवा गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को संघिय शशर्त कार्यक्रम अन्तर्गत बाखा पकेट कार्यक्रम संचालनका लागि बिनियोजित रु १५,००,०००/- रकमबाट वडा नं ६ र ७ मा बाखा पकेट कार्यक्रम संचालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं .६** दिवा खाजा कार्यक्रम सम्बन्धमा।

**निर्णय नं. ६**

संङ्घिय शशर्त कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट दिवा खाजा कार्यक्रमका लागि प्रतिविद्यार्थी प्रतिदिन रु १५ का दरले रकम उपलब्ध गराईदै आएकोमा उक्त रकमले विद्यार्थीहरुलाई पोषणयुक्त खाजा उपलब्ध हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमा उल्लेख भएबमोजिम उक्त रकममा गाउँपालिकाको तर्फबाट रु १० थप गरी रु २५ का दरले नेपाल सरकारको प्रचलित नियम तथा कार्यविधी बमोजिम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने तथा उक्त रकमको उपयोगिताका सम्बन्धमा गाउँपालिका कार्यालय लगायत सम्बन्धित सरोकारवाला पक्षबाट नियमित अनुगमन गर्ने गराउने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ७.** विविध ।

**निर्णय नं. ७.**

क. विरुवा गाउँपालिका कार्यालयको आ.ब. २०८१/८२ को बार्षिक बजेटमा भुरुङचौकी मा.वि. प्राविधिक विद्यालय प्रर्वद्धन शिर्षकमा बिनियोजित रु ५,००,०००/- रकमबाट भुरुङचौकी माध्यामिक विद्यालयका प्राबिधिक धारतर्फका १ जना शिक्षकको तलबभत्ता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

ख. कृषि तथा वनविज्ञान विश्वविद्यालय, प्राकृतिक स्रोत व्यवस्थापन कलेज कटारी उदयपूरमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत श्री मिन बहादुर कार्कीले विरुवा गाउँपालिका क्षेत्रभित्र पाईने विविध प्रकारका औषधीजन्य जडीबुटी (बनस्पती)हरुको अध्ययन गरी सो को अध्ययन प्रतिवेदन समेत कार्यालयमा पेश गर्नेगरी प्रस्तावनापत्र पेश गरेको तथा निजले पेश गरेको

शेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्तावना अनुरुपको अध्ययन प्रतिवेदनले विरुवा गाउँपालिका भित्रका औषधीजन्य जडीबुटी (बनस्पती)हरुको बारेमा जानकारी प्रदान गरी उपयोग तथा संरक्षण कार्यमा सहयोग पुग्ने देखिएकोलाई उक्त अध्ययन प्रतिवेदन कार्यालयमा पेश भएपश्चात निजलाई प्रोत्साहनस्वरुप गाउँपालिकाको तर्फबाट रु २५,०००/- प्रदान गर्ने निर्णय गरियो।

ग. विरुवा गाउँपालिकामा विभिन्न मितिहरुमा तपसिल संस्थाहरुबाट आर्थिक सहयोग/प्रस्ताव पेश हुन आएकोले देहाय अनुसारको बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल | कार्यक्रम खर्च (५४) | २०,०००।- | |
| २. | एक्टिभ ईन्टरटेनमेन्ट प्रा.ली. | कार्यक्रम खर्च (५४) | १०,०००।- | |

घ. नेपालीहरुको महान पर्वहरु वडादशैं, शुभदिपावली, छठ-२०८१, नेपाल संवत् लगाएतका चाडवाडहरुको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण बुवाआमा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको कामना सहित यस बिरुवा गाउँपालिका परिवार शुभकामना व्यक्त गर्दछौं ।

ङ. यहि मिति २०८१/०६/१० गतेदेखी भएको अविरल वर्षाका कारण भएको विपदजन्य घटनामा मुलुकका विभिन्न क्षेत्रमा धनजनको ठूलो क्षती भएको हुँदा विरुवा गाउँकार्यपालिकाले दुख व्यक्त गर्दै उक्त विपदमा ज्यान गुमाउने व्यक्तिहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं साथै शोक शन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दछौं।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत